आज मिति २०८१ साल ...कार्तिक... महिना ...२८...... गते चुमनुव्री गाउँ कार्यपालिकाका अध्यक्ष श्री निमा लामा ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरि निर्णय गरियो।

चुमनुव्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिर्दिबास, गोरखा गण्डकी प्रदेश, नेपाल

**उपस्थितिः**

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | निमा लामा | |
| २ | उपाध्यक्ष | लक्ष्मी गुरुङ | |
| ३ | वडा अध्यक्ष १ | कर्मा छेवाङ लामा | |
| ४ | वडा अध्यक्ष २ | मिङ्ग्युर दोर्जे लामा | |
| ५ | वडा अध्यक्ष ३ | रामकुमार गुरुङ | |
| ६ | वडा अध्यक्ष ४ | पेमा ग्यलपो लामा | |
| ७ | वडा अध्यक्ष ५ | कालेन छेवाङ | |
| ८ | वडा अध्यक्ष ६ | सरोज लामा | |
| ९ | वडा अध्यक्ष ७ | टसी दोर्जे लामा | |
| १० | महिला सदस्य | सुनाम साङमो | |
| ११ | महिला सदस्य | कुन्छोक डोल्मा लामा | |
| १२ | महिला सदस्य | छिरिङ भुटी लामा | |
| १३ | महिला सदस्य | ढोलमा लामा | |
| १४ | मनोनित सदस्य(अल्पसंख्यक) | रुवेश घले | |
| १५ | मनोनित सदस्य(दलित) | गणेश विश्वकर्मा | |
| १६ | सदस्य सचिव | मनोज लामिछाने | |

**अन्य उपस्थिति :**

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रशासन शाखा प्रमुख | सन्दीप रेग्मी | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

निमा लामा
अध्यक्ष

कार्यपालिका बैठक मिति : २०८१।०७।२८ गते।

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०७।२५ गते।

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

मिति २०८१।०७।२८ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

१. पालिका भवन निर्माण योजना सम्बन्धमा।
२. बिड ओपनिङ समिति गठन सम्बन्धमा।
३. खरिद ईकाई गठन सम्बन्धमा।
४. बालुवा कलेक्सन नर्म्स पारित सम्बन्धमा।
५. कर्मचारी काजमा खटाउने सम्बन्धमा।
६. जिन्सी निरिक्षण सम्बन्धमा।
७. बजेट व्यवस्थापन सम्बन्धमा।
८. संक्षिप्त वातावरणिय अध्ययन गर्ने सम्बन्धमा।
९. स्थानीय दररेट सम्बन्धमा।
१०. कर्मचारी तथा पदाधिकारी आपतकालिन राहत/उद्दार कार्यक्रम खर्च विधि सम्बन्धमा।
११. कार्यविधि संशोधन सम्बन्धमा।

निर्णयहरू

१. प्रस्ताव नं १ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि लाग्ने पेश भएबमोजिम मुल्य समायोजन नदिने गरी कुल लागत अनुमान रू.१३,८४,७४,५२८।०० (तेह्र करोड चौरासी लाख चौरहत्तर हजार पाँच सय अठ्ठाईस रूपैयाँ मात्र), ड्रईङ, डिजाईन तथा ईलेक्ट्रिकल सामानहरूको रेट एनालाईसिस सर्वसम्मतले स्विकृत गर्दै यस क्षेत्रमा निर्माण सामाग्री ढुवानीमा सडक सञ्जालको उपलब्धतालाई मध्येनजर गर्दै उक्त योजना बहुवर्षिय योजनाको रूपमा आ व २०८१।८२ देखि आ व २०८३।८४ सम्म ३ वर्षे योजनाको रूपमा सञ्चालन गर्ने निर्णय गरियो। साथै कुल लागत अनुमान मध्ये रू ५ करोड ४० लाख स्थानीय पूर्वाधार विभागबाट लागत साझेदारी हुने र बाँकी लागत पालिकाले अन्य निकायसँग लागत साझेदारी वा आफैले स्रोत बेहोर्ने गरी बजेटमा प्रथामिकता दिई तपसिल बमोजम आ व अनुसार स्रोत सुनुश्चित गर्ने निर्णय गरियो। साथै स्थानीय पूर्वाधार विभागबाट तपसिल बमोजिम माग भए अनुसार बजेट निकासा नभएमा पालिकाको स्रोतबाट भुक्तानी दिई स्थानीय पूर्वाधार विभागबाट अन्तिम निकासाबाट प्राप्त हुने रकमबाट लागत साझेदारी अनुपात मिलाउने समेत सर्वसम्मतले निर्णय गरियो।

| योजनाको नाम: गाउँपालिकाको प्रशासकीय भवन निर्माण | | | | |
|---|---|---|---|---|
| सि नं | आर्थिक वर्ष | गा पा बाट बजेट रू | स्थानीय पूर्वाधार विभागबाट रू | जम्मा |
| १ | २०८१।८२ | रू ३,५०,००,००० | रू २५,००,०००।०० | रू ३,७५,००,०००।०० |
| २ | २०८२।८३ | रू २,९०,००,०००।०० | रू २,००,००,०००।०० | रू ४,९४,७३,८१४।०० |
| ३ | २०८३।८४ | रू २,०४,७४,५२८।०० | रू ३,१५,००,०००।०० | रू६,२५,००,०००।०० |
| | जम्मा | रू ८,४४,७४,५२८।०० | रू ५,४०,००,०००।०० | रू १३,८४,७४,५२८।०० |

निमा लामा
अध्यक्ष

२. प्रस्ताव नं २ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाले बोलपत्र आह्वान गरी खरिद गर्ने सार्वजनिक निर्माण तथा खरिदको ईलेक्ट्रोनिक्स बिडको बीड ओपनिङ समिति तपशिल बमोजिम गठन गर्ने निर्णय गरियो ।

तपशिल:

अध्यक्ष : ईन्जिनियर श्री संगम पौडेल

सदस्य : सबईन्जिनियर श्री पवन कुमार साह

सदस्य : कम्प्युटर अपरेटर श्री सन्दीप रेग्मी

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाको आ व २०८१।८२ को लागि तपशिल बमोजिम खरिद ईकाई गठन गर्ने निर्णय गरियो ।

प्रमुख :

सदस्य : कम्प्युटर अपरेटर श्री सन्दीप रेग्मी

सदस्य : वरिष्ठ प्रशासन सहायक श्री वासु देव वली

४. प्रस्ताव नं ४ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका भित्र सञ्चालन हुने विभिन्न योजनाहरूमा प्रयोग गर्ने गरी बालुवा कलेक्सन तथा ढुवानी दररेट प्रयोग गर्न सडक विभागले निर्माण गरेको Sand and Aggregate Collection Norms स्विकृत गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ उपर छलफल गर्दा यस चुमनुब्री गाउँपालिका अन्तर्गत स्वास्थ्य सेवामा कार्यरत कर्मचारीलाई पालिका अन्तर्गत स्थापित विभिन्न सामुदायिक स्वास्थ्य ईकाईहरूमा आवश्यकता अनुसार कामकाजमा खटाउने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाको आ व २०८०।८१ को जिन्सी निरक्षण गरि प्रतिवेदन पेश गर्न तपशिल बमोजिमको जिन्सी निरिक्षण समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल :

संयोजक : वडा नं ३ का वडा अध्यक्ष श्री राम कुमार गुरूङ

सदस्य : कार्यपालिका सदस्य श्री रुवेश घले

सदस्य : कम्प्युटर अपरेटर श्री सन्दीप रेग्मी

७. प्रस्ताव नं ७ उपर छलफल गर्दा देहायका योजना तथा कार्यक्रममा बजेट विनियोजन तथा थप गर्ने निर्णय गरियो ।

| सि नं | योजनाको नाम | बजेट रू | स्रोत | कै |
|---|---|---|---|---|
| १ | जगत-झोलुंगेपुल बाटो स्तरोन्नती योजना | रू १५ लाख | चालु भैपरी | विनियोजन,अत्यावश्यक |
| २ | फिलम चर्च निर्माण योजना | रू ३ लाख | चालु भैपरी | अपुग बजेट थप |
| ३ | राहत सामाग्री | रू १० लाख | चालु भैपरी | विनियोजन,अत्यावश्यक |

निसा लामा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | खरिद | | | |
| ४ | फिलिम-पाति बाटो मर्मत | प्राविधकि मुल्यांकनको आधारमा | प्रकोप व्यवस्थापन कोष | विपद क्षतिको मर्मतको लागि । |
| ५ | कुकुर नियन्त्रण कार्यक्रम | रू ३ लाख | चालु भैपरी | विनियोजन,अघिल्लो आ व मा चुमनुब्री गाउँपालिका, भेटरीनरी अस्पताल तथा पशु विज्ञ केन्द्र गोरखा, मनास्लु संरक्षण क्षेत्र आयोजना गोरखा, हेल्प नेपाल र एनिमल नेपाल बीच सम्झौता भए बमोजिम कार्यसम्पन्न भएको । |
| ६ | लैससास परिक्षण खर्च | रू २ लाख | चालु भैपरी | लैससास परिक्षण खर्चलाई संशोधन गरी लैससास तथा सामाजिक परिक्षण खर्च बनाउने । |

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

८. प्रस्ताव नं ८ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका केन्द्र जोड्ने सडक फिलिम एक्लेभट्टी सडक निर्माणका लागि यस अघि पालिकाबाट डिपिआर भईसकेकोमा गाउँपालिका संरक्षण क्षेत्र भित्र पर्ने भएको हुँदा निर्माण कार्यको ठेक्का प्रक्रिया अघि संक्षिप्त वातावरणिय अध्ययन गर्नु पर्ने हुँदा पुँजीगत अनुसन्धान तथा परामर्श शिर्षकबाट रू ५ लाख विनियोजन गरी प्रस्ताव माग गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ उपर छलफल गर्दा आ व २०८१।८२ को लागि स्थानिय दररेट निर्धारणका लागि वडा केन्द्रबाट वस्तिहरूको दुरी निर्धारण गरी पेश गर्न नापी कार्यालय सिर्दिवासलाई लेखि पठाउने निर्णय गरियो तथा उक्त कार्यका लागि नापी कार्यालयबाट परिचालित कर्मचारीहरूलाई दैनिक भ्रमण भत्ता गाउँपालिकाबाट भुक्तानि गर्ने निर्णय गरियो ।

१०.प्रस्ताव नं १० उपर छलफल गर्दा आ व २०८१।८२ को वार्षिक स्विकृत कार्यक्रम कर्मचारी तथा पदाधिकारी आपतकालिन राहत/उद्दार अन्तर्गत चुमनुब्री गाउँपालिकाका कोही जनप्रतिनिधि, कर्मचारी तथा शिक्षक चुमनुब्री गाउँपालिकाको कार्यसम्पादनको क्रममा कुनै विपदबाट घाईते भई तत्काल सुविधा सम्पन्न अस्पतालमा उपचार गराउनु पर्ने गम्भिर अवस्था भएमा सम्बन्धित वडा कार्यालय वा स्वास्थ्य चौकीबाट सिफारिस भई आएमा कर्मचारी तथा पदाधिकारी आपतकालिन राहत/उद्दार कार्यक्रमबाट खर्च वेहोर्ने गरी स्वास्थ्य गाम्भिर्यताको आधारमा एम्बुलेन्स, गाडी रिजर्भ तथा हेली चार्टड गरि सुविधा सम्पन्न अस्पतालमा उपचार गराउने प्रयोजनार्थ कार्यपालिकाबाट अनुमोदन गराउने गरी खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

११.प्रस्ताव नं ११ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०७६ को अनुसुची १ को नोट खण्डको ख मा रहेको शब्द झिकि "प्रमाणपत्रको अवधि दर्ता भएको एक वर्षसम्म मान्य रहनेछ र अवधि सकिएको १ महिना भित्र नविकरण गरी सक्नुपर्नेछ र नविकरण नगरेमा प्रत्येक आर्थिक वर्षका लागि चक्रिय प्रणालीमा २५ प्रतिशत जरिवाना लाग्नेछ" भन्ने शब्द राख्ने र खण्ड ङ हटाउने निर्णय गरियो ।

निमा लामा
अध्यक्ष